अनुसूची-२

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

**भेरीगंगा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**छिन्चु, सुर्खेत**

**कर्णाली प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**खण्डः ०८ संख्याः ०२ मितिः २०८२/०३/३२ गते**

**भाग-१**

**भेरीगंगा नगरपालिका**

## भेरीगंगा नगरपालिका सुर्खेतको विनियोजन ऐन, २०८२

भेरीगंगा नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यक्रमका लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८२

नगरसभाबाट पारित मिति : २०८२/०३/२७

**प्रस्तावना :**

भेरीगंगा नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यक्रमका लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम भेरीगंगा नगरपालिकाको नगर सभाको सत्रौँ अधिवेशनले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "भेरीगंगा नगरपालिकाको विनियोजन ऐन २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८२/०८३ का निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०८२/०८३ का निमित्त नगर कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ८७,२७,७४,०२४। (अक्षरुपी सतासी करोड सत्ताईस लाख चौहत्तर हजार चौविस रुपैया) मा नबढाई निर्दिष्ट गरिएबमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिन्छ।

**३. विनियोजन :**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ का निमित्त भेरीगंगा नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक शीर्षक वा एकभन्दा बढि शीर्षकबाट अर्को एक वा एकभन्दा बढि शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउँन सकिनेछ। पूँजीगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खुद र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिनेछैन। तर चालू तथा पूँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढि शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृत लिनुपर्नेछ।





अनुसूची–१

**(विनियोजन ऐनको दफा २ सँग सम्बन्धित)**

**आय तथा व्ययको प्रक्षेपण**

**आ.व. २०८२/०८३**

| भेरीगंगा नगरपालिका, छिन्चु, सुर्खेत | |
|---|---|
| आ.ब.२०८२।०८३ को बजेट प्राप्तीको अनुमानित आय बिबरण : | |
| मुख्य शीर्षक | आ.व.२०८२।०८३ को बजेट अनुमान रु. |
| आयतर्फ : | |
| **आन्तरिक राजश्वबाट प्राप्त :** | |
| (क) आन्तरिक राजश्व नगरपालिकातर्फ | ४८२०८०४२ |
| (ख) आन्तरिक आम्दानी बिबिध (अ.ल्या.) | ३५१५१७५४ |
| **जम्मा रु :** | **१३५२५६३९९** |
| **राजश्व बाँडफाँडबाट प्राप्त आय :** | |
| (क) संघीय सरकार | १५२९९१९४० |
| (ख) प्रदेश सरकार (सवारी साधन कर) | २५५५६८५ |
| **जम्मा रु :** | **१५५५४७६२५** |
| **अन्तरसरकारी बित्तिय हस्तान्तरणबाट प्राप्त आय** | |
| (क) संघीय सरकारबाट प्राप्त | १३२१००००० |
| (ख) प्रदेश सरकारबाट प्राप्त | १७३७६००० |
| **जम्मा रु :** | **१४९४७६०००** |
| **अन्य शीर्षकबाट प्राप्त आय :** | |
| सशर्त अनुदान (संघीय) | ३६०२००००० |
| सशर्त अनुदान (प्रदेश) | ३१७८४००० |
| समपुरक अनुदान (संघीय) | ६७००००० |
| समपुरक अनुदान (प्रदेश) | ९२६०००० |
| बिशेष अनुदान (संघीय) | १६२००००० |
| बिशेष अनुदान (प्रदेश) | ६०००००० |
| अन्य आय : (बिभिन्न बचत र राजश्व बृद्धिबाट) | ५४२४६६०३ |
| **जम्मा रु :** | **४३०१४४०००** |
| **कुल जम्मा रु :** | **८७२७७४०२४** |

## अनुमानित ब्यय विवरण :

| भेरीगंगा नगरपालिका, सुर्खेत | | |
|---|---|---|
| आ.ब. २०८२।०८३ का लागि मुख्य शीर्षक र अनुमानित बजेट | | |
| क्र.सं. | शीर्षक | बजेट रकम रु. |
| १ | भेरीगंगा नगरपालिका प्रशासनिक खर्च | १३००००००० |
| २ | नगरपालिका स्तरिय कार्यक्रम तथा योजना | २५५०००००० |
| ३ | विषयगत समिति | ५५००००००० |
| ४ | वडागत बजेट | ११५००००००० |
| ५ | समपुरक कोष | ५००३४००० |
| ६ | कार्यपालिका योजना | ४०००००० |
| ७ | लक्षित वर्ग शसक्तिकरण कार्यक्रम | २०००००० |
| ८ | भूमि व्यबस्थापन | ५०००००० |
| ९ | नगर विकास कोषको सावाँ ब्याज भुक्तानी | ४२००००० |
| १० | प्रदेश वित्तिय कोषमा जम्मा गर्नुपर्ने | ५६८०००० |
| ११ | उपप्रमुख स्वरोजगार कार्यक्रम | २५००००० |
| १२ | गरिवसंग नगर प्रमुख कार्यक्रम | २०००००० |
| १३ | भैपरी खर्च (चालु, पुँजिगत) | १५००००० |
| १४ | सशर्त अनुदान (संघीय) | ३६०२००००० |
| १५ | सशर्त अनुदान (प्रदेश) | ३१७८४००० |
| १६ | समपुरक अनुदान (संघीय) | ६७००००० |
| १७ | समपुरक अनुदान (प्रदेश) | ९२६०००० |
| १८ | विशेष अनुदान (संघीय) | १६२००००० |
| १९ | विशेष अनुदान (प्रदेश) | ६०००००० |
| २० | भुक्तानी दिन बाँकी दायित्व | ४०२१६०२४ |
| | **कुल जम्मा रु.** | **८७२७७४०२४** |





नेपालको संविधानको धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा २१४ को उपधारा २,धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) संग सम्बन्धित

## संध, प्रदेश र स्थानिय तहको अधिकारको साझा सूची

| क्र.सं. | विषयहरु |
|---|---|
| १ | सहकारी |
| २ | शिक्षा, खेलकुद र पत्रपत्रिका |
| ३ | स्वास्थ्य |
| ४ | कृषि |
| ५ | विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरु |
| ६ | सेवाशुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क |
| ७ | वन, जंगल, वन्यजन्तु, चराचुङगी, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधिता |
| ८ | खानी तथा खनिज |
| ९ | विपद् व्यवस्थापन |
| १० | सामाजिक सुरक्षा र गरिबी निवारण |
| ११ | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक |
| १२ | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय |
| १३ | सुकुम्बासी व्यवस्थापन |
| १४ | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी |
| १५ | सवारी साधन अनुमति |

नेपालको संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) संग सम्बन्धित

**स्थानिय तहको अधिकारको सूची**

| क्र.सं. | विषयहरु |
|---|---|
| १ | नगर प्रहरी |
| २ | सहकारी संस्था |
| ३ | एफ.एम संञ्चालन |
| ४ | स्थानिय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर) सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर, मालपोत, दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन |
| ५ | स्थानिय सेवाको व्यवस्थापन |
| ६ | स्थानीय तथ्यांक र अभिलेख संकलन |
| ७ | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु |
| ८ | आधारभूत र माध्यामिक शिक्षा |
| ९ | आधारभूत स्वास्थ्य र सरसफाई |
| १० | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता |
| ११ | स्थानीय सडक, ग्रामीडा सडक, कृषि सडक, सिंचाई |
| १२ | गाँऊ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३ | स्थानीय अभिलेख व्यवस्थापन |
| १४ | घर जग्गाधनी पूर्जा वितरण |
| १५ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |
| १६ | ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन |
| १७ | बेरोजगारको तथ्यांक संकलन |
| १८ | कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण |
| १९ | खानेपानी, साना जलविद्युत आयोजना, बैकल्पिक ऊर्जा |
| २० | विपद् व्यवस्थापन |
| २१ | जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण |
| २२ | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास |

**आज्ञाले,**
**कृष्णप्रसाद पोख्रेल**
प्रमुख प्रशासकीय अधिकृत



भेरीगंगा नगरपालिका सुर्खेतको विनियोजन ऐन, २०८२